स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या १२, मिति २०८३ असोज १४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बौदीकाली गाउँपालिकाको बाल क्लब तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३

<u>प्रस्तावना</u>

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले बालबालिकाको अधिकार, संरक्षण, सहभागिता र सर्वोत्तम हितलाई प्राथमिकता दिएको सन्दर्भमा बौदीकाली गाउँपालिकाभित्र बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, बाल क्लब तथा बाल सञ्जाललाई व्यवस्थित, समावेशी, सुरक्षित र उत्तरदायी रूपमा गठन तथा सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको हो । बालबालिकाको विचार सुन्ने, निर्णय प्रक्रियामा सहभागी गराउने, उनीहरूको क्षमता विकास गर्ने, बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने र स्थानीय तहको योजना तथा सेवा प्रवाहलाई बालमैत्री बनाउने उद्देश्यले यस कार्यविधिले बाल क्लब, वडा स्तरीय बाल सञ्जाल र गाउँपालिका स्तरीय बाल सञ्जालको गठन, सञ्चालन, समन्वय, सूचीकरण, अनुगमन तथा प्रतिवेदनको व्यवस्था गर्दछ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "बौदीकाली गाउँपालिकाको बाल क्लब तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. उद्देश्य

1. बालबालिकाको अधिकार, संरक्षण, विकास, सहभागिता र सर्वोत्तम हित सुनिश्चित गर्नु।
2. बाल क्लब तथा बाल सञ्जालको गठन, सञ्चालन, समन्वय र अभिलेखीकरणलाई व्यवस्थित गर्नु।
3. स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा बालबालिकाको अर्थपूर्ण सहभागिता बढाउनु।
4. बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु।
5. बालबालिकाको नेतृत्व, सञ्चार, सिर्जनशीलता, निर्णय क्षमता तथा सामाजिक उत्तरदायित्व विकास गर्नु।
6. बाल हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, बालविवाह तथा अन्य हानिकारक अभ्यासविरुद्ध बालबालिकाको सचेतना र सहभागिता अभिवृद्धि गर्नु।

### ३. परिभाषा

1. "बालबालिका" भन्नाले प्रचलित कानून बमोजिम अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।
2. "बाल क्लब" भन्नाले विद्यालय वा समुदायमा बालबालिकाको सहभागितामा गठन भएको बालबालिकाको समूह सम्झनुपर्छ।
3. "बाल सञ्जाल" भन्नाले बाल क्लब तथा बाल प्रतिनिधिहरूबीच समन्वय र प्रतिनिधित्वका लागि गठन गरिएको संरचना सम्झनुपर्छ।
4. "गाउँपालिका स्तरीय बाल सञ्जाल" भन्नाले बौदीकाली गाउँपालिकाभित्रका वडा स्तरीय बाल सञ्जाल/बाल प्रतिनिधिहरूको प्रतिनिधिमूलक सञ्जाल सम्झनुपर्छ।
5. "शाखा" भन्नाले गाउँपालिकाले बालबालिका सम्बन्धी कार्यका लागि तोकेको शाखा/इकाइ सम्झनुपर्छ।
6. "संरक्षक/सहजीकरणकर्ता" भन्नाले बाल क्लब वा सञ्जाललाई संरक्षण, परामर्श र सहजीकरण गर्ने जिम्मेवार व्यक्ति/संस्था सम्झनुपर्छ।

## परिच्छेद-२

## सिद्धान्त तथा कार्यक्षेत्र

### ४. सञ्चालनका आधारभूत सिद्धान्त

1. बालबालिकाको सर्वोत्तम हित ।
2. भेदभावरहित र समान सहभागिता ।
3. बालबालिकाको विचार तथा अभिव्यक्तिको सम्मान ।
4. अर्थपूर्ण सहभागिता—औपचारिक उपस्थिति मात्र नभई निर्णय प्रक्रियामा वास्तविक भूमिका ।
5. लैङ्गिक समानता तथा समावेशिता ।
6. बाल संरक्षण, गोपनीयता र सुरक्षित सहभागिता ।
7. उमेर तथा क्षमताअनुसार जिम्मेवारी र सहभागिता ।
8. राजनीतिक दलगत प्रचार, व्यावसायिक शोषण तथा बालबालिकाको दुरुपयोगबाट मुक्त सञ्चालन ।

### ५. कार्यक्षेत्र

यो कार्यविधि बौदीकाली गाउँपालिकाभित्र गठन हुने विद्यालय तथा समुदायमा आधारित बाल क्लब, वडा स्तरीय बाल सञ्जाल र गाउँपालिका स्तरीय बाल सञ्जाल तथा तिनको सहजीकरण, समन्वय, सूचीकरण, अनुगमन र प्रतिवेदनमा लागू हुनेछ ।

## परिच्छेद-३

## बाल क्लब गठन तथा सञ्चालन

### ६. बाल क्लब गठन

(१) गाउँपालिकाभित्रका विद्यालयमा सम्भव भएसम्म बाल क्लब गठन गरिनेछ ।

(२) समुदायमा रहेका बालबालिकाको सहभागिता आवश्यक देखिएमा वडा वा सम्बन्धित समुदायको सहकार्यमा समुदायमा आधारित बाल क्लब गठन गर्न सकिनेछ ।

(३) बाल क्लब गठन गर्दा बालबालिकाको स्वेच्छिक सहभागिता, समावेशिता र सुरक्षित वातावरण सुनिश्चित गरिनेछ ।

**७. बाल क्लबको कार्यसमिति**

बाल क्लबको कार्यसमिति देहायबमोजिम हुनेछ :

अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र आवश्यक संख्यामा सदस्य। कार्यसमितिको संख्या स्थानीय आवश्यकता र बालबालिकाको संख्याअनुसार निर्धारण गर्न सकिनेछ।

**८. कार्यसमितिको कार्यकाल**

कार्यसमितिको कार्यकाल सामान्यतः एक वर्षको हुनेछ । आवश्यकताअनुसार पुनर्गठन/निर्वाचन सम्बन्धित विद्यालय वा समुदायको सहजीकरणमा गरिनेछ।

**९. प्रतिनिधित्व र समावेशिता**

कार्यसमिति गठन गर्दा बालिकाको पर्याप्त सहभागिता, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका बालबालिका, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, दुर्गम क्षेत्रका तथा जोखिममा रहेका बालबालिकाको प्रतिनिधित्वलाई प्राथमिकता दिइनेछ। सम्भव भएसम्म कार्यसमितिमा कम्तीमा एक तिहाइ बालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

**१०. बाल क्लबका प्रमुख कार्य**

1. बाल अधिकार, बाल संरक्षण र बालमैत्री व्यवहारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।
2. विद्यालय/समुदायमा सरसफाइ, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, स्वास्थ्य, शिक्षा तथा सामाजिक सद्भावका कार्यक्रम सञ्चालन गर्ने।
3. बालबालिकाको समस्या पहिचान गरी सम्बन्धित निकायमा सुरक्षित रूपमा जानकारी गराउने।
4. स्थानीय योजना तथा बालमैत्री कार्यक्रमका लागि सुझाव तथा सिफारिस गर्ने।
5. बाल प्रतिभा, खेलकुद, कला, साहित्य, वक्तृत्व, सिर्जनशीलता तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्ने।
6. सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको सुरक्षित र जिम्मेवार प्रयोगबारे सचेतना फैलाउने।
7. बाल क्लबको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन र प्रगति अभिलेख राख्ने।

## परिच्छेद-४

## वडा स्तरीय बाल सञ्जाल

### ११. वडा बाल सञ्जाल गठन

वडाभित्र गठन भएका बाल क्लबहरूबाट प्रतिनिधित्व हुने गरी वडा स्तरीय बाल सञ्जाल गठन गरिनेछ। प्रतिनिधि छनोट गर्दा समावेशी प्रतिनिधित्व र बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

### १२. वडा बाल सञ्जालको संरचना

अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा आवश्यक संख्यामा सदस्य रहने गरी वडा बाल सञ्जाल गठन गर्न सकिनेछ। वडामा रहेका बाल क्लबको संख्या, भौगोलिक अवस्था तथा बालबालिकाको सहभागितालाई आधार मानी सदस्य संख्या निर्धारण गरिनेछ।

### १३. वडा बाल सञ्जालका कार्य

1. वडाभित्रका बाल क्लबबीच समन्वय गर्ने।
2. बालबालिकाका साझा समस्या तथा आवश्यकताहरू पहिचान गर्ने।
3. वडाको योजना तथा बालमैत्री कार्यक्रमका लागि सुझाव दिने।
4. बाल अधिकार तथा संरक्षणसम्बन्धी अभियान सञ्चालन गर्ने।
5. गाउँपालिका स्तरीय बाल सञ्जालमा प्रतिनिधित्व गर्ने।
6. बालबालिकासम्बन्धी कार्यक्रमको प्रगति तथा समस्या सम्बन्धित वडा कार्यालयमा जानकारी गराउने।

## परिच्छेद-५

## गाउँपालिका स्तरीय बाल सञ्जाल

### १४. समित गठन प्रक्रिया

बौदीकाली गाउँपालिकाका सबै वडाबाट प्रतिनिधित्व हुने गरी गाउँपालिका स्तरीय बाल सञ्जाल गठन गरिनेछ। प्रतिनिधित्व गर्दा भूगोल, लिङ्ग, विद्यालय/समुदाय, सामाजिक समूह तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको समावेशितालाई ध्यान दिइनेछ । कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी बाल क्लबको साधारण सभाबाट चयन हुनेछन्

क. अध्यक्ष -१ जना

ख. उपाध्यक्ष -१ जना

ग. सचिव -१ जना

घ. सह-सचिव -१ जना

ङ कोषाध्यक्ष -१जना

च. सदस्य -४ देखि ७ जनासम्म

**१५. संरचना**

गाउँपालिका स्तरीय बाल सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्यहरू रहनेछन्। गाउँपालिकामा रहेका वडाको संख्या, बाल क्लब तथा बाल प्रतिनिधिको अवस्थाअनुसार सदस्य संख्या गाउँपालिकाले तोक्न सक्नेछ।

**१६. गाउँपालिका स्तरीय बाल सञ्जालका कार्य**

1. गाउँपालिका स्तरमा बालबालिकाको प्रतिनिधित्व र आवाज प्रस्तुत गर्ने।
2. स्थानीय नीति, योजना, बजेट तथा कार्यक्रम निर्माणमा बालबालिकाका सुझाव प्रस्तुत गर्ने।
3. बालमैत्री स्थानीय शासनका सूचक तथा अभ्यास प्रवर्द्धनमा सहयोग गर्ने।
4. बाल अधिकार, संरक्षण, शिक्षा, स्वास्थ्य, वातावरण, विपद् तथा सामाजिक विषयमा अभियान सञ्चालन गर्ने।
5. वडा बाल सञ्जाल र बाल क्लबबीच समन्वय गर्ने।
6. वार्षिक कार्ययोजना बनाई कार्यान्वयन तथा प्रगति प्रतिवेदन तयार गर्ने।
7. बालबालिकासम्बन्धी स्थानीय समस्यामा सम्बन्धित शाखा/निकायसँग समन्वय गरी समाधानका लागि पहल गर्ने।

## परिच्छेद-६

## बाल सहभागिता तथा संरक्षण

### १७. अर्थपूर्ण बाल सहभागिता

बालबालिकालाई केवल कार्यक्रमको दर्शक वा उपस्थितिका रूपमा प्रयोग नगरी उनीहरूको उमेर, क्षमता र रुचिअनुसार विषयवस्तु बुझ्ने, विचार व्यक्त गर्ने, विकल्पमा छलफल गर्ने र निर्णय प्रक्रियामा योगदान गर्ने अवसर प्रदान गरिनेछ।

### १८. बाल संरक्षण

बाल क्लब वा सञ्जालका गतिविधिमा बाल हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, धम्की, यौन दुर्व्यवहार तथा अन्य जोखिमबाट बालबालिकालाई सुरक्षित राख्न आवश्यक संरक्षण व्यवस्था गरिनेछ। जोखिम वा घटना देखिएमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायमा जानकारी गराइनेछ।

### १९. गोपनीयता तथा डिजिटल सुरक्षा

बालबालिकाको फोटो, भिडियो, नाम, सम्पर्क विवरण वा व्यक्तिगत घटनासम्बन्धी सूचना सार्वजनिक गर्दा आवश्यक गोपनीयता र अभिभावकीय/संस्थागत स्वीकृतिको व्यवस्था पालना गरिनेछ। सामाजिक सञ्जालमा साइबरबुलिङ, ठगी, हानिकारक सामग्री, अपरिचित व्यक्तिसँग जोखिमपूर्ण सम्पर्क तथा व्यक्तिगत सूचना दुरुपयोगबाट बच्ने विषयमा सचेतना दिइनेछ।

## परिच्छेद-७

## बैठक, निर्णय तथा अभिलेख

### २०. बैठक

बाल क्लब तथा बाल सञ्जालले आवश्यकता अनुसार बैठक गर्नेछ। नियमित रूपमा कम्तीमा महिनामा एक पटक बैठक बस्ने व्यवस्था गर्न सकिनेछ। बैठकको सूचना, कार्यसूची, उपस्थिती, छलफल र निर्णयको अभिलेख राखिनेछ।

## २१. गणपूरक संख्या र निर्णय

कुल सदस्यको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ। सम्भव भएसम्म सहमतिबाट निर्णय गरिनेछ र आवश्यक परे बहुमतबाट निर्णय गर्न सकिनेछ।

## २२. अभिलेख

१. बाल क्लब/सञ्जालका सदस्यको विवरण
२. कार्यसमिति तथा प्रतिनिधि विवरण
३. बैठक माइन्युट तथा निर्णय
४. वार्षिक कार्ययोजना
५. कार्यक्रम तथा प्रगति विवरण
६. आम्दानी/खर्च वा स्रोत परिचालन विवरण
७. सूचीकरण तथा नवीकरणसम्बन्धी कागजात

# परिच्छेद-८

# सूचीकरण, नवीकरण, पुनर्गठन तथा अनुगमन

## २३. सूचीकरण

बाल क्लब तथा सञ्जाललाई गाउँपालिकाले तोकेको शाखा वा सम्बन्धित वडा कार्यालयमा आवश्यक विवरणसहित सूचीकरण गर्न सकिनेछ। सूचीकरणका लागि अनुसूचीमा रहेको ढाँचा प्रयोग गरिनेछ।

## २४. नवीकरण तथा पुनर्गठन

बाल क्लब तथा सञ्जालको कार्यकाल समाप्त भएपछि आवश्यक प्रक्रिया पूरा गरी नवीकरण वा पुनर्गठन गरिनेछ। निष्क्रिय, विघटित वा कार्यसमिति परिवर्तन भएको अवस्थामा अभिलेख अद्यावधिक गरिनेछ।

## २५. अनुगमन तथा प्रतिवेदन

गाउँपालिकाले बाल क्लब तथा सञ्जालका गतिविधिको आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ। बाल क्लब तथा सञ्जालले वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित शाखा/वडा कार्यालयमा पेश गर्ने व्यवस्था मिलाइनेछ।

## परिच्छेद-९

## गाउँपालिका तथा सरोकारवालाको भूमिका

### २६. गाउँपालिकाको भूमिका

1. बाल क्लब तथा सञ्जाल गठन र सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने ।
2. बालबालिकाको सहभागिता स्थानीय योजना, नीति तथा कार्यक्रममा समेट्ने वातावरण बनाउने ।
3. क्षमता विकास, अभिमुखीकरण तथा नेतृत्व विकासका अवसर उपलब्ध गराउने ।
4. बाल संरक्षण तथा गुनासो सुनुवाइका लागि सम्बन्धित संयन्त्रसँग समन्वय गर्ने ।
5. आवश्यक स्रोत, प्राविधिक सहयोग तथा समन्वय उपलब्ध गराउने ।

### २७. वडा कार्यालयको भूमिका

वडाले बाल क्लब तथा वडा बाल सञ्जालको गठन, सूचीकरण, सहजीकरण, समन्वय र बालमैत्री गतिविधिमा आवश्यक सहयोग गर्नेछ ।

### २८. विद्यालय/समुदायको भूमिका

विद्यालय तथा समुदायले बालबालिकालाई सुरक्षित वातावरणमा संगठित हुने, विचार व्यक्त गर्ने र गतिविधि सञ्चालन गर्ने अवसर प्रदान गर्नेछ ।

### २९. अभिभावक तथा सहजीकरणकर्ताको भूमिका

अभिभावक तथा सहजीकरणकर्ताले बालबालिकाको स्वतन्त्र सहभागितालाई सम्मान गर्दै आवश्यक संरक्षण, परामर्श र मार्गदर्शन प्रदान गर्नेछन् । बालबालिकाको स्थानमा निर्णय गर्ने वा उनीहरूको नाममा गतिविधि नियन्त्रण गर्ने कार्यबाट बच्नुपर्नेछ ।

## परिच्छेद-१०

## आर्थिक तथा स्रोत व्यवस्था

### ३०. स्रोत व्यवस्था

बाल क्लब तथा सञ्जालका कार्यक्रम सञ्चालनका लागि गाउँपालिका, वडा, विद्यालय, समुदाय तथा कानूनबमोजिमका साझेदार संस्था/निकायबाट प्राप्त स्रोत परिचालन गर्न सकिनेछ ।

### ३१. आर्थिक पारदर्शिता

कार्यक्रममा प्राप्त तथा खर्च भएको स्रोतको आवश्यक अभिलेख राखिनेछ। बालबालिकालाई आर्थिक कारोबारको जोखिमबाट जोगाउन आवश्यक संस्थागत निगरानी र सहजीकरण गरिनेछ।

## परिच्छेद-११

## आचारसंहिता

### ३२. निषेधित कार्य

1. बाल क्लब वा सञ्जाललाई राजनीतिक दलगत प्रचार वा पक्षपोषणमा प्रयोग गर्ने।
2. बालबालिकालाई हिंसा, भेदभाव, अपमान, धम्की वा शोषणमा पार्ने।
3. बालबालिकाको नाम, फोटो वा व्यक्तिगत सूचना अनधिकृत रूपमा प्रयोग गर्ने।
4. व्यावसायिक विज्ञापन वा आर्थिक लाभका लागि बाल क्लबको दुरुपयोग गर्ने।
5. बालबालिकाको सहभागितालाई देखावटी वा औपचारिकतामा सीमित गर्ने।

## परिच्छेद-१२

## विविध

### ३३. पुरस्कार तथा प्रोत्साहन

बाल अधिकार, बाल संरक्षण, वातावरण, शिक्षा, सिर्जनशीलता, नेतृत्व तथा सामाजिक सेवामा उल्लेखनीय योगदान गर्ने बाल क्लब, सञ्जाल वा बालबालिकालाई गाउँपालिकाले उपलब्ध स्रोत र प्रचलित व्यवस्थाअनुसार सम्मान वा प्रोत्साहन गर्न सक्नेछ।

### ३४. समन्वय र साझेदारी

गाउँपालिकाले बाल क्लब तथा सञ्जालका कार्यक्रम प्रभावकारी बनाउन विद्यालय, वडा, प्रहरी, स्वास्थ्य संस्था, गैरसरकारी संस्था, नागरिक समाज, बाल अधिकारसम्बन्धी निकाय तथा अन्य सरोकारवालासँग कानूनबमोजिम समन्वय र साझेदारी गर्न सक्नेछ।

### ३५. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**३६. संशोधन तथा खारेजी**

गाउँ कार्यपालिकाले आवश्यकता र प्रचलित कानूनअनुसार यस कार्यविधिमा संशोधन वा कुनै व्यवस्था खारेज गर्न सक्नेछ ।

**३७. बचाउ**

यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

## अनुसूची-१ : बाल क्लब सूचीकरण/दर्ता निवेदनको ढाँचा

मितिः

श्री ...................................................

बौदीकाली गाउँपालिका/सम्बन्धित वडा कार्यालय

विषय : बाल क्लब सूचीकरण/दर्ता गरिदिनुहुन ।

हामीले ..............................नामको बाल क्लब खोल्न चाहेकोले **बौदीकाली गाउँपालिकाको बाल क्लब तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३ को परिच्छेद-८ को दफा २३** बमोजिम बाल क्लब/बाल संस्था दर्ता गर्नको लागि देहायका विवरणसहित निवेदन पेश गरेका छौं ।

बाल क्लबको नाम :

विद्यालय/समुदाय :

वडा नं. :

स्थापना मिति :

सदस्य संख्या :

कार्यसमिति विवरण :

सम्पर्क व्यक्ति/संस्था :

संलग्न कागजात : बैठक निर्णय, सदस्य विवरण, कार्ययोजना

निवेदकको नाम/पद : ...........................

हस्ताक्षर : ............................

मिति : ............................

## अनुसूची-२ : बैठक माइन्युट ढाँचा

बाल क्लब तथा सञ्जालको नामः

बैठक मिति : .................... स्थान : ....................

आज मिति ............................ मा बाल क्लब वा संजालको बैठक क्लब सञ्जालका ............................ को अध्यक्षतामा बसियो । बैठकमा उपस्थित सदस्यहरुमा तल उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

छलफलका विषयहरु :

१. ...............................................................

२. ...............................................................

निर्णयहरु :

१. ...............................................................

२. ...............................................................

## अनुसूची-३ : वार्षिक प्रगति प्रतिवेदन

१. बाल **क्लब/सञ्जालको नाम** :

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोनः

४. सूचिकरण नः

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-४ : बाल क्लब दर्ता प्रमाणपत्र

**बौदीकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दर्ता प्रमाण-पत्र**

मितिः

दर्ता नः

श्री .................................. बाल क्लब

ठेगाना................ ।

नवलपरासी(ब.सु.पू.) बौदीकाली गाउँपालिका ......... नं वडाको ..................................... विद्यालय/समुदायमा गठन गरिएको ............................... संस्था बाल क्लबलाई **यस** बौदीकाली गाउँपालिकाको ........ नं वडा कार्यालयमा दर्ता गरी बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि **बौदीकाली गाउँपालिकाको बाल क्लब तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३** बमोजिम यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणित गर्ने अधिकारी

नाम : ...................

पद : ...................

हस्ताक्षर/छाप : ...................

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०६/०६**